# निक्षेप तथा कर्जा सुरक्षण कोष

## व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६

निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाण्डौ

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

**व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६**

**बिषयसूची**


| दफा | | पाना नं. |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |
| ३. | प्रशंसापत्र प्रदान गर्न सकिने | १ |
| ४. | सदस्य संस्थाको छनौट प्रकृया | १ |
| ५. | सदस्य संस्थाको वर्गिकरण गरिने | २ |
| ६. | प्रोत्साहन खर्च | २ |
| ७. | वैदेशिक भ्रमणको लागि समन्वय गर्ने | २ |
| ८. | वैदेशिक भ्रमणको लागि समन्वय गर्ने प्रकृया | २ |
| ९. | भ्रमणखर्च | २ |
| १०. | भ्रमणको लागि देशको छनौट | २ |
| ११. | सदस्य संस्था छनौट गर्ने अधिकार | २ |
| १२. | अधिकार प्रत्यायोजन | २ |
| १३. | व्याख्या गर्ने अधिकार | २ |
| १४. | बाधा अडकाउ फुकाउने | २ |

## निक्षेप तथा कर्जा सुरक्षण कोष

## व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ६७ ले दिएको अधिकार प्रयोग गरी संचालक समितिले सदस्य संस्थालाई उत्प्रेरित गरी कोषको कर्जा सुरक्षण सम्बन्धी व्यवसाय प्रवर्द्धन गर्ने प्रयोजनको लागि देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि संचालक समितिले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ सम्झनु पर्छ ।

(ख) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले ऐनको दफा ४९ बमोजिम नियुक्त कोषको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले सोही दफाको उपदफा (५) बमोजिम तोकिएको वा खटाइएको अधिकृत समेतलाई जनाउँछ ।

(ग) "प्रशंसापत्र" भन्नाले कोषले दफा ३ बमोजिम बैंक तथा वित्तीय संस्थालाई प्रदान गरेको प्रशंसापत्र सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले कोषको सञ्चालक समिति सम्झनु पर्छ ।

(ङ) "सदस्य संस्था" भन्नाले कोषसँग सम्झौता गर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, सहकारी संस्था तथा वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्झनु पर्छ ।

३. **प्रशंसापत्र प्रदान गर्न सकिनेः** कोषसँग कर्जा सुरक्षणको सम्झौता गरी कोषमा कर्जाको सुरक्षण गराई सुरक्षण दस्तुर बुझाउने सदस्य संस्थाहरु मध्ये एक आर्थिक वर्षमा बढीमा तीन वटा सदस्य संस्थालाई प्रोत्साहनस्वरुप कोषले प्रशंसापत्र प्रदान गर्न सक्नेछ ।

तर अघिल्लो आर्थिक वर्षमा छनौट भएको संस्थालाई लगातार दोस्रो वर्ष छनौट गरिने छैन ।

४. **सदस्य संस्थाको छनौट प्रकृया** : कोषको विभिन्न कर्जा सुरक्षण कार्यक्रमहरुमध्ये प्रत्येक कार्यक्रम अन्तर्गत अघिल्लो आर्थिक वर्षमा कोषलाई सबैभन्दा बढी सुरक्षण दस्तुर बुझाउने सदस्य संस्थाहरु मध्येबाट बढीमा तीन वटा सदस्य संस्थालाई प्रोत्साहन स्वरुप प्रशंसापत्र प्रदान गर्नको लागि छनौट गरिनेछ ।

५. **सदस्य संस्थाको वर्गिकरण गरिने:** दफा ३ बमोजिम  प्रशंसापत्र प्रदान गर्नको लागि कोषलाई सबैभन्दा बढी सुरक्षण दस्तुर बुझाएको आधारमा तीन वटा सदस्य संस्थालाई प्रथम, द्वितीय र तृतीय स्थानमा वर्गिकरण गरिनेछ ।

६. **प्रोत्साहन खर्च** : प्रोत्साहन प्रदान गर्दा लाग्ने आवश्यक खर्च कोषबाट व्यहोरिनेछ ।

७. **वैदेशिक भ्रमणको लागि समन्वय गर्ने:** सदस्य संस्थाहरुले अन्य देशहरुमा रहेको कर्जा सुरक्षण सम्बन्धी व्यवस्था अध्ययन गर्न चाहेमा कोष संस्थापक सदस्य रहेको Asian Credit Supplementation Institutions Conferedation (ACSIC) को सदस्य संस्थासँग सम्पर्क गरी अध्ययन भ्रमणको लागि कोषबाट आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइनेछ ।

८. **वैदेशिक भ्रमणको लागि समन्वय गर्ने प्रकृया:** (१) कोषले सदस्य संस्थातर्फबाट भाग लिने भ्रमण दलको सदस्य संख्या, भ्रमण अवधि निर्क्यौल गरी वैदेशिक भ्रमण सम्बन्धी कार्यक्रम तय गर्नेछ ।

(२) उपदफा (१) बमोजिम  भ्रमण कार्यक्रम तय गर्दा भ्रमणको लागि लाग्ने अनुमानित लागत समेत खुलाउनु पर्नेछ ।

९. **भ्रमण खर्च** : वैदेशिक भ्रमणमा जाँदा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित सदस्य संस्थाले व्यहोर्नु पर्नेछ ।

१०. **भ्रमणको लागि देशको छनौट** : सदस्य संस्थाको वैदेशिक भ्रमणको लागि ACSIC सदस्य राष्ट्रहरु मध्येबाट कुनै एक देश छनौट गरिनेछ ।

११. **सदस्य संस्था छनौट गर्ने अधिकार** : यस कार्यविधि अनुसार प्रोत्साहन तथा विदेश भ्रमणको निर्णय गर्ने अधिकार समितिलाई रहनेछ ।

१२. **अधिकार प्रत्यायोजन** : यस कार्यविधि बमोजिम आफूमा निहित अधिकार मध्ये केही वा सबै अधिकारको प्रयोग गर्न संचालक समितिले आवश्यकता अनुसार प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **व्याख्या गर्ने अधिकार** : यस निर्देशिकाको व्याख्या गर्ने अधिकार कोषको संचालक समितिमा रहनेछ ।

१४. **बाधा अडकाउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै किसिमको बाधा अडकाउ उत्पन्न भएमा कोषको संचालक समितिले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।